**नीति जेएलसिसि - सरुवा/सङ्क्रामक रोगहरू**

विद्यालय डिस्ट्रिक्टले यसका सीमाभित्र बसोबास गर्ने सबै विद्यालय-उमेरका बालबालिकाहरूलाई शैक्षिक सेवा प्रदान गर्नु पर्दछ। यद्यपि कानुन अनुसार रोगी निदान भएको बच्चाको भर्ना अस्वीकार गर्न सकिन्छ किनकि उसको उपस्थितिले अन्य विद्यार्थीहरूको कल्लाणलाई हानी गर्नसक्छ।

शिक्षा बोर्डले बच्चाहरूलाई आक्रमण गर्ने रोगहरू साधारण बाल्यकालका रोगहरू, कडा र छोटो अवधिका रोगहरूदेखि लिएर ह्युमन इम्युनोडेफिसियन्सी भाइरस(एचआइभि) जस्ता लामो अवधिका जीवनलाई खतरामा पार्नसक्ने रोगहरू हुन्छन् भनी पहिचान गरेको छ। विद्यालय डिस्ट्रिक्ट, विद्यार्थी र स्टाफ दुवै को स्वास्थ्य कसरी राम्ररी जोगाउने भन्ने कुराको निर्धारण गर्न चिकित्सा समुदायको भर पर्दछ जसले विभिन्न सरुवा रोगहरू सर्ने खतराहरूबारे मूल्याङ्कन गरेका हुन्छन्।

साधारण सरूवा रोगहरूको व्यवस्थापन कोलोराडो स्वास्थ्य विभाग मार्गदर्शन अनुसार हुनेछ। तुरुन्तै सरूवा हुनसक्ने रोगको लक्षण देखाउने विद्यार्थीलाई अस्थायी रूपमा विद्यालयबाट विस्थापित गर्न सकिन्छ।

विद्यालयमा रोग जाहेर गर्ने विद्यार्थीलाई विद्यालय नर्सलाई सिफारिस गरिनेछ र प्रिन्सिपलद्वारा अभिभावक वा विद्यार्थीको आकस्मिक चिकत्सा अनुमोदन फाराममा प्रतिनिधि तोकिएको व्यक्तिलाई सूचीत गर्ने बित्तिकै विद्यार्थीलाई घर पठाइनेछ।

डिस्ट्रिक्टले विद्यार्थी विद्यालयमा फर्काउनका लागि फिजिसियनको अनुमोदन वक्तव्य माग्ने अधिकार राख्दछ।

यस नीतिसँग सम्बन्धित सबै प्रक्रियाहरूमा, डिस्ट्रिक्टले विद्यार्थीको गोपनियताको अधिकारको सम्मान गर्नेछ।

स्टाफ सदस्य वा स्वयम्सेवकले विद्यार्थीलाई गम्भीर र तुरुन्तै सर्न सक्ने रोगले आक्रमण गरेको सूचना पाए, उनले तुरुन्तै विद्यालय नर्स वा प्रिन्सिपललाई सूचीत गर्नुपर्दछ जसद्वारा विद्यार्थी र स्टाफको स्वास्थ्य र सुरक्षा संरक्षित गर्न उपयुक्त उपायको निर्णय गर्न सकियोस्। अतिरिक्त स्टाफ सदस्यसँग मिलेर सङ्क्रमित विद्यार्थीको अवस्था जान्न आवश्यक छ छैन भनेर प्रिन्सिपलले निर्धारण गर्नेछन्। विद्यार्थीको स्याहारमा सीधा संलग्न व्यक्तिहरूलाई मात्र विद्यार्थीको विशिष्ट प्रकृति र अवस्था बारे जानकारी दिइने छ यदि ती व्यक्तिहरूलाई सो जानकारी आवश्यक हुन्छ भन्ने निर्णय गरियो भने।

विद्यालय आउने अन्य विद्यार्थीका अभिभावकहरूलाई उनीहरूको बच्चा सरूवा रोग भएको बच्चाहरूमाझ छ र रोग लागेको विद्यार्थी पहिचान नभैसकेको कुरा जानकारीमा आइनसकेको कुरा सूचीत गर्न सकिनेछ।

सुपरिन्टेन्डेन्टले सबै चिकित्सकीय जानकारीहरू अत्यन्त गोप्य राख्ने कामको सुनिश्चितताका लागि प्रक्रियाहरू पहल गर्नेछन्। कुनै पनि विद्यालयको स्टाफ जसले सो गोप्यता उल्लङ्घन गर्छ उसले उपयुक्त अनुशासनात्मक कार्वाहीको भागीदार हुनुपर्नेछ।

कानुनी सन्दर्भ : सि.आर.एस. २२–३३–१०४(२)(ए)

सि.आर.एस. २२–३३–१०६(२)

अङ्गिकार : मे ३१, १९९४